फोन नं.-९८५७०६७९०८
ईमेल- info@chhatrakotmun.gov.np

# छत्रकोट गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

चोयँगा, गुल्मी

५ न. प्रदेश नेपाल

प.स. ०७५/७६
च. नं.

मिति: २०७५।०४।२८

**विषय: हेभी ईक्वीपमेन्ट प्रयोग सम्बन्धि सूचना ।**

यस गाउँपालिका क्षेत्रभित्र उपभोक्ता समिति तथा गाउँपालिका आफैले भाडामा लिइ प्रयोग गर्ने हेभी ईक्वीपमेन्ट (डोजर, एस्काभेटर, लोडर, स्टोन ब्रोकर) हरु उपभोक्ता समिति, गाउँपालिका वा अन्य सार्वजनिक निर्माणकोलागि तपसिलको शर्तमा भाडामा दिन चाहने कम्पनी/फर्म/व्यक्तिहरुले आर्थिक वर्ष २०७५/०७६ को निमित्त गाउँकार्यपालिकाले तोकेको दररेटमा नबढ्ने गरी न्यूनतम दररेट पेश गर्ने व्यक्ति/संस्था/फर्महरुलाई सूचिकृत गरी भाडामा लिने प्रयोजनका लागि गाउँपालिकामा सूचिकृत हुन यो सूचना प्रकाशित गरिएको छ ।

**शर्तहरु**

१. यो सूचना प्रकाशित भएको मितिले ३० दिनभित्र सुचिकृत भइसक्नुपर्नेछ । तोकिएको समयभित्र सूचिकृत नहुने कम्पनी/फर्म/व्यक्तिहरुको हेभी ईक्वीपमेन्ट गाउँपालिकामा प्रयोग हुनेछैनन् । त्यसरी गाउँपालिकाबाट सूचिकृत योजनाहरुमा अनाधिकृत प्रयोग भएको पाइएमा त्यस्ता योजनाहरुको रकम भुक्तानी हुनेछैन ।

२. हेभी ईक्वीपमेन्ट उपलब्ध गराउने कम्पनी/फर्म/व्यक्तिहरुले गाउँपालिका/उपभोक्ता समितिहरुलाई भ्याट बील जारी गर्नुपर्नेछ । भरपाई वा अन्य बील तथा ईन्धनको बील मान्य हुनेछैन ।

३. गाउँपालिकाबाट स्वीकृत दररेट ननाघ्ने गरी दररेट पेश गर्ने कम्पनी/फर्म/व्यक्तिहरुलाई कम दररेटको आधारमा सूचिकृत गरी प्राथमिकताको आधारमा भाडामा लिइनेछ ।

४. कम्पनी/फर्म/व्यक्तिहरुले अपरेटर/हेल्पर लगायत व्यक्तिहरुको पारिश्रमिक,खाना,नास्ता र ईन्धन लगायतका सबै खर्च स्वयं आफैले व्यहोर्नुपर्नेछ । यस्तो खर्च गाउँपालिका वा उपभोक्ता समितिले व्यहोर्ने छैन ।

५. हेभी ईक्वीपमेन्ट भाडामा लिने पक्षले भाडाको सम्झौता गर्दा भाडामा लाग्ने कर बापतको रकम सम्झौतामा उल्लेखित रकमबाट नै कट्टा गरी भुक्तानी दिइनेछ । भ्याट तिर्ने दायित्व हेभी ईक्वीपमेन्ट धनी आफैको हुनेछ ।

६. सूचिकृत हुन सूचिदर्ता शुल्क वापत देहाय बमोजिम शुल्क लाग्नेछ:

- गा.पा. भित्र स्थायी ठेगाना भएका हेभी ईक्वीपमेन्ट धनीको हकमा
  - एस्काभेटर - रू. १५,०००
  - अन्य हेभी ईक्वीपमेन्ट - रू. १३,०००
- गा.पा. बाहिर स्थायी ठेगाना भएका हेभी ईक्वीपमेन्ट धनीको हकमा
  - एस्काभेटर - रू. १७,०००
  - अन्य हेभी ईक्वीपमेन्ट - रू. १५,०००

..............................
ज्ञानुराम पन्थी
प्रमुख प्रशासकीय अधिकृत